परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक २ २०८२ श्रावण ११ आईतवार Sunday 27, JULY 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौँ ।

कोशी प्रदेश पर्यटन वर्ष २०८२

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## धनपालथान गाउँपालिकाको धार्मिक तथा शैक्षिक संस्थाहरूको अध्ययन पुस्तक विमोचन



**श्याम सुन्दर सुतिहार**

विराटनगर । धनपालथान गाउँपालिका भित्र रहेको धार्मिक तथा शैशिक संस्थाहरुको अध्यययन गरी लेखिएको 'धनपालथान गाउँपालिकाकाका धार्मिक तथा शैक्षिक अध्ययन' नामक पुस्तकको विमोचन गरिएको छ ।

पुस्तक विमोचन कार्यक्रमका प्रमुख अतिथि धनपालथान गाउँपालिकाका अध्यक्ष जिवछ प्रसाद गच्छदार, विशिष्ठ अतिथि उपाध्यक्ष नसिमा बानो, धनपालथान गाउपालिकाका कार्यकारी अधिकृत रीता खतिवडा अतिथिहरु धनपालथान गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष पंकज मण्डल, वडा नं. ३ का वडा अध्यक्ष नागेश्वर मण्डल, वडा नं. ४ का वडा अध्यक्ष श्रीराम चौधरी र वडा नं. ७ का वडा अध्यक्ष संतोष कुमार यादवले संयुक्त रुपमा विमोचन गरेको हो ।

प्रमुख अतिथी गच्छदारले कार्यक्रमलाई सम्बोधन गर्दै भने 'धनपालथान गाउँपालि- काका धर्मिक तथा शैक्षिक सस्थाहरुको अध्ययन' पुस्तक प्रकाशनले पालिका भित्र रहेको धार्मिक र शैक्षिक संस्थाहरुको जानकारी पाउन सहज हुने एतिहासिक काम भएकोले पुस्तक प्रकाशन टीमलाई धन्यवाद दिदै यस्तो उदहरणीय कामको लागि जहिले पनि सहयोग गर्ने प्रतिवद्धता जनाए । वहाँले भने यसभन्दा पहिले पनि 'राजा धनपालथान धार्मिक तथा ऐतिहासिक अध्ययन' नाम पुस्तक प्रकाशन भएको थियो ।

जुनकी राजा धनपालथान नामक स्थानको मात्र थियो । तर अहिले प्रकाशन गरिएको पुस्तक धनपालथानको सवै वडाहरुमा रहेको धार्मिक तथा शैक्षिक संस्थाहरुलाई समेटेर बनाइएको प्रकाशन गरिएको पुस्तक ऐतिहासि भएको वताए ।

उक्त विमोचन कार्यक्रमा पुस्तक प्रकाशन विज्ञ टोली संयोजक यज्ञप्रसाद शर्मा, सदस्य विज्ञ प्राडा रामलाल सुतिहार, र भाषा संस्कृति प्रतिष्ठानका अध्यक्ष जय प्रकाश महतोले पुस्तका वारेमा चर्चा गरेका थिए ।

त्यसैगरी नेपाल पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष कुमोद अधिकारी, प्रेस यूनियन कोशी प्रदेश अध्यक्ष मिन कुमार नबोदित, नेपाल पत्रकार महासंघ मोरंग अध्यक्ष शुशीला पाठक, प्रेस चौतारी मोरंग अध्यक्ष चीना थापा लगायतले पुस्तक

वांकी अन्तिम पेजमा...

## ३ हजार ५१३ जना फरार प्रतिवादी पक्राउ

विराटनगर । कोशी प्रदेश प्रहरीको सक्रियतामा आर्थिक वर्ष २०८१/०८२ मा ३ हजार ५ सय १३ जना फरार प्रतिवादी हरुलाई पक्राउ गरी अदालत मार्फत करागारमा बुझाएका छन् ।

जस अनुसार आर्थिक वर्षको असार मसान्त सम्ममा जिल्ला प्रहरी कार्यालय मोरङले ११५६ जना, सुनसरीले १००२ जना, झापाले ५३४ जना, इलामले १४६ जना, पाँचथरले ४२ जना, ताप्लेजुङले ४८ जना, धनकुटाले ५७ जना, तेह्रथुमले ४५ जना, भोजपुरले ४४ जना, संखुवा सभाले २८ जना, उदयपुरले २६० जना, ओखलढुंगाले ६९ जना, सोलुखुम्वुले १४ जना, खोटाङले ५३ जना र प्रादेशिक अनुन्धान समुहले १५ जना समेत गरी जम्मा ३५१३ जना लाई पक्राउ गरिएको प्रदेश प्रहरी कार्यालयले जानकारी दिए ।

पक्राउ परेका उनिहरुबाट जम्मा १ हजार ४ सय १६ बर्ष भन्दा बढी कैद सजाय तथा जरिवाना बापत १४ करोड ७७ लाख भन्दा बढी राजश्व संकलन भएको छ ।

अदालतबाट दोषी ठहर भई कैद सजाय तोकिएका र लामो समयदेखि फरार रहदै आएका अभियुक्तहरूलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन तथा कानून र फैसलालाई जीवन्तता प्रदान गरी न्याय लाई साकार बनाउन यो अभियानलाई तीव्रता दिदै आईरहेको थियो ।

अदालतबाट कैद तथा जिरवाना तोकिएका व्यक्तिहरु समाजमा रहदा बस्दा शान्ति सुरक्षामा चुनौती आउने, अपराध गरेपछि पनि समाजमा खुलेआम हिडडुल गर्दा समाजमा नकारात्मक असर पर्ने र अपराधीको मनोवल बढेर थप अपराध गर्न उत्तेजित हुने हुँदा फरार प्रतिवादीलाई कानूनी दायरामा ल्याउन निरन्तर लागिरहेको कोशी प्रदेश प्रहरीले सक्रियताका साथ प्रहरी परिचालन गरी फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिदै आएको थियो ।

अपराध गर्ने छुट कसैलाई छैन, अपराध गरेर लुकेर, भागेर धर पाईदैन, ढिलो होस

वांकी अन्तिम पेजमा...






परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## धनपालथान...

प्रकाशन टीमलाई धन्यवाद दिंदै सबै पालिका हरुले धार्मिक तथा शैक्षिक संस्थाहरुको इतिहास खोज्ने काम गर्नुपर्ने सुझाव दिएका थिए।

सम्पादक मण्डलका संयोजक श्याम सुन्दर सुतिहार, सदस्य उषा सरदार र सदस्य पदम सरदारद्धारा लिखित पुस्तकमा ५ अध्यायमा २५० पृष्ठको पुस्तकमा ग्रामथान, मन्दिर, मस्जिद, मझीथान, चर्च, शिव चर्चा केन्दको परिचय, पुजाविधी, स्थापना गर्ने कारण, पुजा हुने तिथी मिति र विद्यालयको परिचय उल्लेख गरेकोछ।

पुस्तक विमोचन कार्यक्रम सम्पादक मण्डलका संयोजक श्याम सुन्दर सुतिहार अध्यक्षतामा सम्पन्न भएको थियो।

## 3 हजार...

या चाँडो जसरी जहिले भएपनि प्रहरीले अपराध गर्ने व्यक्तिलाई पक्राउ गरेरै छाड्छ भन्ने विश्वास कोशी प्रदेश प्रहरीले आम नागरिकहरुलाई दिलाउदै आईरहेको छ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले कानूनी राज्यको स्थापना गर्न र न्याय प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले फरार रहेका प्रतिवादीहरूलाई नियन्त्रणमा लिन विशेष अभियान सञ्चालन गर्दै आईरहेकोमा विगत केही महिनादेखि विशेष रणनीति, सूचना प्रविधिको प्रयोग र समुदायसंगको समन्वय र सहकार्य मार्फत उल्लेखनीय सफलता हाँसिल गरेको छ।

फरार प्रतिवादी पक्राउ अभियानमा नागरिकको साथ र सहयोग अपरिहार्य भएको हुँदा गाँउ, घर, छिमेकमा लुकी छिपी बस्दै आएका फरार व्यक्तिहरुको बारेमा नजिकको प्रहरीलाई सूचना उपलब्ध गराई सहयोग गरी दिन हुन सम्पुर्ण महानुभावहरुमा कोशी प्रदेश प्रहरी बिनम्र अनुरोध समेत गरेको छ।

# उत्पादन स्थलको निरक्षण

विराटनगर। कमल-६ मा अवस्थित दिब्यदृष्टि भेनेरेशन एण्ड एग्रो कन्सर्न प्रा.लि. अन्तर्गत सञ्चालित दिब्यदृष्टि पुजा सामग्री उद्योगको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले निरीक्षण गरेका छन्।

उद्योग भ्रमणका क्रममा मुख्यमन्त्री कार्कीले स्वदेशी कच्चा पदार्थमा आधारित धार्मिक उत्पादनमूलक उद्योगले स्थानीय रोजगार, संस्कृति संरक्षण र आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान दिन सक्ने धारणा व्यक्त गरेका थिए।

मुख्यमन्त्री कार्कीले यस्तो उद्योग प्रदेशको आत्मनिर्भरता र उद्यमशीलताका दृष्टिकोणबाट उदाहरणीय हुने भन्दै संघीय तथा प्रदेश सरकारको तर्फबाट आवश्यक नीति तथा सहकार्यमा सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए।

उद्योगका अध्यक्ष विष्णुप्रसाद पोखरेल र कार्यकारी प्रमुख तथा सञ्चालक बबिता तिम्सिनाले उपस्थित टोलीलाई उद्योगको स्थापना, उत्पादन प्रक्रिया र व्यवसायिक विस्तारबारे जानकारी गराएका थिए।

उद्योगका अध्यक्ष पोखरेलले भने, "दिब्यदृष्टि ब्रान्ड अन्तर्गत हामीले शुद्ध, शास्त्रसम्मत र घरेलु स्रोतमा आधारित पुजा सामग्री उत्पादन गर्दै आएका छौ। धार्मिक आस्थाका सामग्रीमा गुणस्तर कायम राख्दै स्वदेशी उत्पादनको प्रवर्द्धन हाम्रो उद्देश्य हो।"

अर्ग्यानिक बाटेको मच्छडधुप र पुजाका लागि बाटेको धुप उत्पादन गर्दै ६० भन्दा बढि महिलाहरुलाई अर्ध रोजगार र १५ जनालाई पूर्ण रोजगार दिएको पोखरेलले सो अवसरमा जानकारी दिएका थिए।


कार्यकारी प्रमुख तिम्सिनाले थप जानकारी दिँदै भनिन्, "हाल उद्योगबाट नवग्रह समिधा, हवन सामग्री, दिब्य समिधा, परिमल, बाटेको धुप, सप्तधान्य, गंगाजल, गौ अर्क, पञ्चरत्न, सर्वोषधि, सप्तमृतिका, तिल, जौ लगायत दुई दर्जनभन्दा बढी पुजा सामग्री उत्पादन भई कोशी प्रदेशकाल सबै जिल्ला सहित काठमाडौं, चितवन, बुटवल, नेपालगञ्ज बकदाङलगायत देशभर वितरण भइरहेको छ।"

उद्योगले उत्पादनमा स्थानीय कच्चा पदार्थको उपयोग, महिला उद्यमशक्तिको प्रोत्साहन, र जैविक उत्पादनको प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै आएको छ। निकट भविष्यमा प्याकेजिङ सुधार, बजार विस्तार र अन्तर्राष्ट्रिय निर्यात गर्ने लक्ष्य रहेको तिम्सिनाले जानकारी दिइन्।

शुक्रबार भएको निरीक्षण भ्रमणमा मुख्यमन्त्रीसँगै प्रदेशसभा सदस्य, होमबहादुर थापा लगायत प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं॥

# सर्वोत्कृष्ट प्रहरी चौहान र अधिकारी घोषित



विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत प्रहरी निरीक्षक विजय चौहान र इलाका प्रहरी कार्यालय रानी (सिमा) मोरङमा कार्यरत प्रहरी नायव निरीक्षक सुवास अधिकारीलाई असार "महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको छ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी निरीक्षक विजय चौहानले भद्रपुर नगरपालिका-५ स्थितमा चेकजाँचको क्रममा ४७ ग्राम ६९० मिलिग्राम ब्राउन सुगर सहित कार र एक जना व्यक्तिलाई नियन्त्रणमा लिएकोमा भद्रपुर नगरपालिका -७ मा ६ राउण्ड गोली फायर गरी २०५ ग्राम ८० मिलिग्राम ब्राउन सुगर सहित २ जना व्यक्तिलाई नियन्त्रणमा लिएको थियो।

त्यसै गरी झापा गाउँपालिका-४ स्थितमा चेकजाँचको क्रममा साईकलको चक्का भित्र १६७ ग्राम ब्राउन सुगर सहित एक जनालाई नियन्त्रणमा लिन सफल भएको थियो।

प्रहरी नायव निरीक्षक सुवास अधिकारीले मोरङको कटहरी गाँउपालिका-३ स्थितका एक व्यक्तिलाई ज्यान मारी फरार रहेको प्रतिवादीलाई सोहि दिन पक्राउ गरेको साथै कर्तब्य ज्यान मुद्दामा जन्म कैद सजाय भएका तथा अन्य विभिन्न मुद्धामा फरार रहेका २१ जना प्रतिवादीहरुलाई पक्राउ गर्नु गरेका थिए।

साथै लागू औषध दुर्व्यसन नियन्त्रणमा उल्लेख नीय भूमिका निर्वाह गरेको हुँदा उनीहरूले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङकन गर्दै २०८२ असार "महिना को सर्वोत्कृष्ट प्रहरी" घोषणा गरी पुरस्कृत गरिएको छ।

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं।

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडिगलेको र बासी खानेकुरा नखाऔं,
- खुल्लास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

भर्ना खुल्यो !
NIT College मा
३-वर्षे स्वास्थ्य प्राविधिकि विषयहरू :-
> ल्याब टेक्निसियन (CMLT)
> हेल्थ असिस्टेन्ट (HA)
> डिप्लोमा इन फार्मेसी (DPH)
अनलाईन फारम भर्ने अन्तिम मितिः २०८२/०४/२६ गते सम्म
SEE उतिर्ण गरी न्युनतम २.० GPA प्राप्त गरेका विद्यार्थीहरुले अनालाईन मार्फत वा कलेजमा नै आएर समेत फारम भर्न सक्नेछन।
थप जानकारीको लागी सम्पर्क
नेशनल ईन्स्टिच्यूट अफ् टेक्नोलोजी
(NIT College)
बरगाछी, अच्युतमिल, सप्तकोशी मार्ग, विराटनगर-४, (धरान रोड देखी २०० मिटर पश्चिम)
9819349122, 9802754150, 9852028403

भर्ना खुल्यो
प्रदेश नं. १ मा
भौतिक पुर्वाधारले सम्पन्न तथा निजी क्षेत्रको अग्रणी कलेज
विराट हेल्थ कलेजमा
HA (General Medicine)
D. Pharmacy
Lab Technician
Radiography
PCL Nursing
फारम भर्ने अन्तिम मिति
२०८२ श्रावण २५ गते सम्म
सम्पर्कः
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१-४२२९७३, ४२२९७४, मो.९८४२०४५०४०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# मनसुनी जोखिमबाट बचौं

हाम्रो देश नेपाल भौगोलिक र जलवायुको दृष्टिले संवेशनशील मुलुक हो । मनसुन बरदान मात्र नभएर अभिशाप पनि बन्न जान्छ । मनसुनीबाट बन्च चुनौति पनि उतिकै हुन्छ ।  प्रत्येक वर्ष मनसुनसँगै देशभरि वर्षा, बाढी, पहिरो, डुबान, र सडक अबरुद्ध जस्ता विपद्हरू दोहोरिन्छन्, जसले मानव जीवन, पूर्वाधार, र सम्पत्तिमा गम्भीर क्षति पुऱ्याउने गरेको छ । यस वर्ष पानी नपरेर मधेश प्रदेश त सुख्खा घोणा भई सकेपनि अन्य प्रदेशमा पानि पानी नपरेका पचास प्रतिशत पनि धान रोपाई भएको छैन ।

वर्षा खेतीमा निर्भर हाम्रो कृषिप्रधान समाजको लागि मनसुन आवश्यक छ । तर किसानलाई यस पनि मनसुनले साथज दिएको छैन पानी नपरेर खेतहरु बाँझै रहकाे छ । मौसम विभागको पूर्वअनुमान अनुसार मनसुन सक्रिय भइ रहको छ भारी बर्षा  समेत हुने आकलन गरको छन् । कही मनसुनी नियन्त्रण वाहिर जान्छ भने त्यसवाट कसरी बच्ने जस्ता उपायहरु सोचन जरुरी छ । विशेषगरी पहाडी तथा तराई क्षेत्रका बासिन्दा मनसुनी जोखिमको सधैं चपेटामा पर्नु परेको तथ्य हाे । पहिरोको त्रासले हजारौं परिवारलाई सुरक्षित बासस्थानबाट विस्थापित बनाएको छ भने बाढीले बाली नष्ट गर्ने, विद्यालय बन्द गराउने, यातायात ठप्प पार्ने, र जनधनको क्षति गर्ने अवस्था बारम्बार देखिँदै आएको छ ।

सरकार तथा सम्बन्धित निकायहरूले पूर्वतयारीका कार्यक्रम, चेतनामूलक अभिमुखीकरण, र जोखिम न्यूनीकरणका उपायहरू अघि सारेका छन्। तर कार्यान्वयनमा देखिएको कमजोरीले मनसुनी प्रकोपले हरेक वर्ष ठूलो क्षति गराइरहेको छ । अल्पकालीन राहतभन्दा दीर्घकालीन समाधान–जस्तै सुरक्षित बस्ती व्यवस्थापन, प्रभावकारी जलनिकास प्रणाली, पहिरो जोखिम विश्लेषण, र समयमै पूर्वसूचना प्रवाह–प्रति ध्यान दिन जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : **तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन** (क, कि, कु, घ, ङ, छ, के, को, ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या** (टो, प, पी, पू, ष, ण, ठ, पे, पो) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला** (रा, री, रु, रे, रो, ता, ती, तु, ते) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक** (तो, ना, नि, नू, ने, नो, या, यि, यू): **आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु** (यो, भा, भी, भू, ध, फा, ढ, भे) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर** (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी) : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन** (दी, दु, थ, झ, ञ, दे, दो, च, ची) : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# भूमिसम्बन्धी संशोधन विधेयक कानुनको खोलमा लुकेको नीतिगत खेल

नेपालमा अहिले भूमि सम्बन्धी विधेयक व्यापक बहसको केन्द्रबिन्दुमा छ । नेपालीका लागि भूमि केवल एउटा सम्पत्ति होइन, यो आम नागरिकको अस्तित्व, जीवनयापन, बास र आत्मसम्मानसँग गाँसिएको आधारभूत आवश्यकता पनि हो । इतिहास हेर्ने हो भने किरातकालदेखि नै नेपालमा जमिनमाथि राज्यको नियन्त्रण रहने र भूमि भोगचलन चाहिं जनताले गर्ने गरेको देखिन्छ । जनताले भूमि भोगचलनको बदलामा राज्यलाई तिरो बुझाउने चलन परापूर्वकालदेखि नै बसेको इतिहासका दस्तावेजहरूले देखाउँछन् ।

त्यस्तै, विगतका शासकहरूद्वारा आफ्नो शासनकालमा विभिन्न प्रयोजनका लागि बाँडिएको बिर्ता प्रथाले नेपालको भूमिको स्वामित्व संरचना अझ जटिल बनाएको यथार्थ हामीमाझ नै छ । राजा र राजपरिवारहरूले पुजारी, दरबारिया, भाइभारदार, कर्मचारी, सैनिक तथा अन्य केही प्रभावशाली व्यक्तिहरूलाई करसहित वा करमुक्त, फिर्ता गर्नुपर्ने वा नपर्ने शर्तमा जमिन बाँड्ने प्रथा विकास भएको थियो । यसरी 'बिर्ता'को नाममा ठूलो मात्रामा नेपालको भूमि विशेष वर्गको नियन्त्रणमा पुगेको थियो ।

राणा शासनको लामो शासन अवधिमा पनि भूमि प्रशासनको सम्पूर्ण संरचना सत्तासीन वर्गको मुठ्ठीभित्र सीमित बन्यो । तराईमा जमिनदार र पटवारी तथा पहाडमा जिम्मावाल र मुखियाको माध्यमबाट जग्गा नापजाँच, लगत निर्माण, तिरो संकलन र भूमिकर असुली गरिन्थ्यो । यसले गर्दा नेपालको अधिकांश उर्वर भूमि राणाहरूको वरिपरि रहने सत्ताका नजिक रहेका सम्भ्रान्त वर्गको कब्जामा रहन पुग्यो ।

२००७ सालको राजनीतिक परिवर्तनपछि प्रजातन्त्र स्थापनासँगै भूमिसुधारको अभ्यास सुरु भएको आधुनिक इतिहासले देखाउँछ । त्यसयता राज्यले समाजको संरचनात्मक असमानतालाई भूमिसुधार मार्फत चिर्ने उद्देश्यस्वरूप केही ऐतिहासिक कदमहरू चालेको देश्न सकिन्छ ।

वि.सं. २००८ मा भूमिदारी अधिकार प्राप्ति कानूनको मस्यौदा तयार गर्दै भूमि जाँच आयोग गठन गरियो । सोही वर्ष बिर्ता खारेजीको ऐतिहासिक निर्णयसहित 'बिर्ता खारेजी बन्दोबस्त अड्डा' को स्थापना गरियो । २००९ मा भूमि समस्या अध्ययन गरी समाधानको खाका कोर्न भूमिसुधार आयोग गठन भयो । त्यसपछि मालपोत तथा वन मन्त्रालयबाट भूमि सम्बन्धी कार्य सञ्चालन गर्न थालिएको स्पष्ट विवरण नेपाल गजेटमा उल्लेख गरेको देखिन्छ ।

पछि क्रमशः भूमि रेखांकन, सुधार र संस्थागत व्यवस्थाको लागि थुप्रै कानूनी संरचना विकास भए । वि.सं. २०१३ को 'जग्गा तथा कमाइ लगत खडा गर्ने ऐन', २०१४ को 'भूमिसुधार ऐन', २०१६ को 'बिर्ता उन्मूलन ऐन', २०१९ को 'नापजाँच ऐन', २०२१ को 'भूमि सम्बन्धी ऐन', २०३३ को 'गुठी संस्थान ऐन' र २०३४ को 'मालपोत ऐन' आदिलाई भूमिसुधारमा भएका उदाहरणीय कार्यका रूपमा हेरिन्छ ।

राजनीतिक दलहरूको घोषणापत्रमा भूमिसुधारको घोषणा भए पनि कसरी भूमिसुधार गर्ने भन्ने स्पष्ट योजना देखिंदैन । दलहरूले भूमि व्यवस्थापनको विषय समाधानमुखी भन्दा पनि भोटमुखी बनाउने प्रवृत्ति हावी छ ।

तर विडम्बना, यी सबै प्रयास र कानूनी व्यवस्थाहरूका बाबजुद पनि नेपालमा भूमिसुधारले अपेक्षित परिणाम दिन सकेको छैन । भूमिसुधारको विषय आजको दिनमा कानूनमा लेखिन्छ, कागजमा देखिन्छ, भाषणमा सुनिन्छ तर भूमि सम्बन्धी समस्या कहिल्यै पनि पूर्णरूपमा समाधान भएको देखिंदैन ।

वास्तवमा, भूमिसुधार अझै पनि धेरैजसो राजनीतिक दलहरूको घोषणापत्रमा मात्रै सीमित छ । राजनीतिक दलहरूको घोषणापत्रमा भूमिसुधारको घोषणा भए पनि कसरी भूमिसुधार गर्ने भन्ने स्पष्ट योजना देखिंदैन । दलहरूले भूमि व्यवस्थापनको विषय समाधानमुखी भन्दा पनि भोटमुखी बनाउने प्रवृत्ति हावी छ ।

खासगरी निर्वाचन आउँदा दलहरू आफ्ना कार्यकर्तालाई भूमिको लोभ देखाएर मत तान्ने, सरकारमा बसेपछि तिनै कार्यकर्तालाई भूमिको टुक्रा बाँडेर पार्टी संरक्षण गर्ने र जनताको नजरमा लोकप्रिय देखिन प्रयत्न गर्ने क्रम चलिरहेकै छ ।

पछिल्लो समय हरेकजसो सरकारले भूमि सम्बन्धी आयोग खारेज गर्ने र आफ्नो अनुकूल बनाउने गर्दै आएको छ । अहिलेसम्म १८ वटा आयोग र समितिहरू बनिसकेको विभिन्न अध्ययनले देखाउँछन् । अहिले गठन भएको भूमि आयोग १९औं भूमि सम्बन्धी समस्या समाधान गर्ने गरी बनेको संयन्त्र हो ।

विगतमा झैं यो सरकार पनि वितरणमुखी सोचमै अल्झिएको देखिन्छ । यसले तथ्य र तथ्याङ्कको आधारमा दीर्घकालीन नीतिनिर्माण गरेर भूमि सम्बन्धी समस्या स्थायी रूपमा समाधान गर्ने प्रयत्न गर्नुको सट्टा, भूमिहीन वर्गलाई बारम्बार लोभ, आश्वासन र प्रतीक्षाको घेरामा राखेर दलहरूले आफ्ना कार्यकर्तालाई जग्गाको सौगात बाँड्ने माध्यम बनाइरहेको छ । राज्यको नेतृत्वले भूमिहीन वर्गको पीडा समाधान गर्नुभन्दा पनि उनीहरूलाई आफ्नो राजनीति जोगाउने औजारको रूपमा प्रयोग गर्दै लोकरिझ्याइँ र सतही लोकप्रियताको राजनीतिमा रमाइरहेको देखिन्छ ।

यदि भूमि सम्बन्धी मुद्दालाई तथ्यांकको आधारमा दीर्घकालीन दृष्टिकोणबाट समाधान गरिएन भने, यो अनन्तकालीन समयसम्म पनि राजनीतिक दलहरूको चुनावी स्वार्थ पूरा गर्ने साधन मात्र बन्नेछ ।

असली भूमिहीन वर्ग अनन्तकालीन समयका लागि पीडित नै रहनेछन् अनि नक्कली भूमिहीनको आवरण ओढेका सत्तासीन कार्यकर्ताहरू लाभ लिंदै धनी बन्दै जानेछन् । भूमिसुधारको विषय जनताको अधिकार नभएर, दलहरूको सत्ताको सौदाबाजीको विषय बनिरहनेछ । भूमिहीन वर्ग सधैं संघर्षमा, सत्तावालहरू सधैं सौदाबाजीमा रहने दुःखद् चक्र यसैगरी दोहोरिरहनेछ ।

यदि भूमि सम्बन्धी समस्यालाई अनन्तकालीन समस्या हुन नदिने हो भने भूमिसुधारलाई राजनीतिक जालोबाट मुक्त गर्नैपर्छ । यो विषय कुनै दलविशेषको होइन; समाज, नागरिक र न्यायको विषय हो । भूमिहीन जनताको हकमा गरिएको भूमिसुधारको पहलले राजनीतिक प्रयोजन होइन, सामाजिक न्यायको जग बसाल्नुपर्छ ।

नेपालमा भूमि सम्बन्धी ऐन, २०२१ जारी भएपछि हालसम्म उक्त ऐनमा १६ वटा संशोधनहरू भइसकेका छन् । हाल प्रतिनिधि सभामा प्रस्तुत 'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२' अघिल्लो अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक हो । यो प्रस्तावित विधेयक भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन गर्ने सत्रौं संशोधन प्रस्ताव हो ।

यो विधेयक हालको राजनीतिक बहसको केन्द्रमा रहेको गम्भीर र विवादास्पद विषय हो । सतही रूपमा हेर्दा सामान्य कानुनी संशोधन जस्तो देखिए पनि, गहिरिएर विश्लेषण गर्दा यसको उद्देश्य गम्भीर र चिन्ताजनक देखिन्छ । यो विधेयक एक निश्चित उद्देश्यलाई संस्थागत गर्न तीन चरणमा योजनाबद्ध रूपमा ल्याइएको संशोधनहरूको अन्तिम कडी हो ।

यो प्रक्रिया एकैपटक सम्पन्न गर्न सकिने थियो, तर आम नागरिकले यसको समग्र आशय सजिलै नबुझून् र आलोचित बन्नु नपरोस् भन्ने सोचेर योजनाबद्ध रूपमा तीन चरणमा विभाजित गरिएको जस्तो देखिन्छ ।

स्पष्ट रूपमा भन्नुपर्दा, हदबन्दी छुट पाएका कम्पनी वा उद्योगहरूले भूमि बेच्न मिल्ने कानून निर्माण पहिले नै दुई संशोधन मार्फत गरिसकिएको छ, जुन ऐनको रूपमा लागू भइसकेका छन् । र अहिले संसद्मा प्रस्तुत तेस्रो चरणको यो विधेयक ती पहिलाका संरचनात्मक तयारीहरूलाई अन्तिम रूप दिने, नीतिनिर्माणको 'फिनिसिङ टच' जस्तो देखिन्छ ।

अहिले प्रस्तावित विधेयकको गहिराइमा लुकेको उद्देश्य बुझ्नका लागि पहिले 'भूमि सम्बन्धी आठौं संशोधन ऐन २०७६' र 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१' सँगै अध्ययन गर्नुपर्छ । यी दुई ऐन र अहिले प्रस्तुत विधेयकलाई एकै ठाउँमा राखेर विश्लेषण गर्दा बल्ल यसले स्थापना गर्न खोजेको नीति, उद्देश्य र यसको लाभ कसको हितमा केन्द्रित छ भन्ने कुरा स्पष्ट देखिन्छ ।

यस सन्दर्भमा, विधेयकका प्रावधानहरूलाई विगतमा गरिएका चरणबद्ध संशोधनहरूसँग सापेक्षिक रूपमा हेर्दा मात्र यसको गहिरो अर्थ र कानूनी निरन्तरता स्पष्ट हुन सक्छ ।

यो प्रस्तावित भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा २(१) ले पहिलो चरणको 'भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६' र दोस्रो चरणको 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१' मा गरिएको कानूनी व्यवस्था थप स्पष्ट पार्ने, त्यसबाट शुरु गरिएका कार्यहरूलाई संस्थागत गर्ने र तिनै कार्यहरूलाई पूर्णता दिने उद्देश्य राखेको देखिन्छ ।

यसले खासगरी भूमि सम्बन्धी आठौं संशोधनमा थप गरिएको दफा १२ (ङ१), १२ क.(१) र लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१ ऐन २०८१ को दफा १२ क.(१क) को नै निरन्तरता बोकेको स्पष्ट देखिन्छ ।

भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६ अन्तर्गत दफा १२ ( ङ१) मा सम्बन्धित निकायबाट अनुमति लिएका कम्पनीले आवासीय क्षेत्रमा घरजग्गा व्यवसाय गर्ने प्रयोजनको लागि नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको शर्तको अधीनमा सोही आदेशमा तोकिदिएको हदसम्मको जग्गामा अधिकतम हद लागू नहुने व्यवस्था गरिएको छ ।

त्यस्तै, भूमि सम्बन्धी आठौं संशोधन ऐन अन्तर्गतकै दफा १२ क.(१) मा निम्न व्यवस्था आएको थियो ।

दफा १२ क (१): 'यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो सञ्चालन गर्न अत्यावश्यक भई, यस ऐनमा तोकिएको हदबन्दी भन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको भएमा, यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र एकपटकको लागि हदबन्दी भन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ ।'

त्यसैगरी, लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०८१ को दफा १२ क (१क) मा थपिएको प्रावधान यस्तो छ ।

दफा १२ क (१क) : 'उपदफा (१) बमोजिम निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले ६ महिनाभित्र हदबन्दी भन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिको लागि मन्त्रालय मार्फत नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ ।'

नेपालमा भूमि सम्बन्धी ऐन, २०२१ जारी भएपछि हालसम्म उक्त ऐनमा १६ वटा संशोधनहरू भइसकेका छन् । हाल प्रतिनिधि सभामा प्रस्तुत 'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२' अघिल्लो अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक हो ।

भूमि सम्बन्धी आठौं संशोधन

वांकी ४ पेजमा...

क्राईम अपरेशन

# केराबारीमा पितृ उद्धार अश्वमेध महायज्ञ 'कोटीहोम' हुने




विराटनगर। मोरङको केराबारी गाउँपालिका-५ स्थित बुढीखोला (वृद्ध खोला) को काखमा एक महिना सम्म 'पितृ उद्धार अश्वमेध महायज्ञ कोटीहोम' आयोजना हुने भएको छ।

शिव बाबा भक्त समाज नेपाल, धरान-६ पानबारी सुनसरीको आयोजनामा माघ १९ गतेदेखि फागुन १९ गतेसम्म भव्य धार्मिक अनुष्ठानका साथ कोटीहोम आयोजना गरिने आयोजकले जनाएको छ।

आयोजक समितिका अध्यक्ष रमेश कुटवालले शनिबार पत्रकार सम्मेलन गर्दै उक्त महायज्ञमार्फत धर्म, संस्कृति, परम्परा र अध्यात्मिक चेतनाको संरक्षण तथा प्रवर्द्धन गर्ने लक्ष्य लिएको जानकारी दिए। उनका अनुसार, यज्ञस्थलमा चैत्य गुम्बा, १०८ गौमुखी जलधारा तथा १०८ फिट अग्लो त्रिशुल स्थापनासहित समावेशी गुरुकुल, यज्ञशाला, पाठशाला, पाकशाला, गौशाला तथा असहाय बाल-वृद्धका लागि आवासको व्यवस्था गरिनेछ। महायज्ञको विशेषता भनेकै यज्ञस्थलको पवित्रता र महत्वमा रहेको उनले बताए।

बुढीखोलाको किनारमा अवस्थित स्थललाई अति पवित्र वृद्धगंगा नदीको काखका रूपमा लिइएको छ। आयोजकका अनुसार, यो नदी शिवजट्टाबाट उत्पत्ति भएकी देवी वृद्धगंगा को रूपमा चिनिन्छिन्। संकल्पकर्ता माता सन्जनाका अनुसार वृद्धगंगाको जलले सम्पूर्ण भौतिक दुःख, कष्ट तथा पाप नाश गरी मोक्ष प्राप्त हुने धार्मिक विश्वास रहेको छ। 'कलियुगको पहिलोपटक यस्तो विशाल कोटीहोम नेपालमा हुन गइरहेको छ,' माता सन्जना ले भनिन्, 'यो केवल कुनै यज्ञ होइन, यो सम्पूर्ण मानव जातिको पितृ उद्धार तथा आध्यात्मिक शुद्धिकरणका निम्ति आयोजित गरिएको ऐतिहासिक अनुष्ठान हो।'

उनका अनुसार, लाखौं श्रद्धालु भक्तगण, धर्मगुरु, साधुसन्त, ऋषिमुनिहरू र अध्यात्मिक पथप्रदर्शकहरूको समुपस्थितिमा यज्ञ सम्पन्न हुनेछ। 'हामी सम्पूर्ण विश्व समुदायलाई आव्हान गर्छौं कि, एक युगमा एकपल्ट मात्र हुने यो पुण्य कार्यमा सहभागी भई विश्व शान्ति र कल्याणको लागि एक भइ अघि बढौं,' उनले भनिन्।

यज्ञको पूर्वसन्ध्यामा कलश यात्रा

कोटीहोमको पूर्वसन्ध्यामा माघ १९ गते बिहान १० बजे बुढीगंगाको किनारबाट कलश यात्रा निकालिनेछ। सो कलश यात्रामा हजारौँ श्रद्धालुको सहभागिता रहने आयोजक समितिको अपेक्षा छ। कलश यात्राबाट यज्ञ स्थलमा आध्यात्मिक ऊर्जा सञ्चार गराउने परम्परा अनुरूप कलश यात्रा आयोजना गर्न लागिएको समितिले जनाएको छ।

महायज्ञ अवधिभर विविध धार्मिक क्रियाकलाप, पुराण वाचन, हवन, साधना, प्रवचन, आरती, कीर्तन र सांस्कृतिक कार्यक्रमहरू पनि सञ्चालन हुनेछन्। बालक, वृद्ध, महिला र युवा सबैलाई लक्षित गरी भक्तिभाव र चेतनाको समन्वयमा कार्यक्रम अगाडि बढाइने अध्यक्ष कुटवालले जानकारी दिए।

'कोटीहोम' कार्यक्रम केवल यज्ञ र धार्मिक अनुष्ठानमा सीमित छैन। यसले धार्मिक शिक्षाको संस्थागत रूप दिन समावेशी गुरुकुल स्थापनाको तयारी पनि गरेको छ। यज्ञशालाबाटै धर्मशिक्षा, संस्कृत भाषा, वेद, पुराण, योग, आयुर्वेद आदि विषयमा शिक्षादीक्षा दिन सकिने व्यवस्था मिलाइनेछ। यस्तै, कार्यक्रमस्थलमा पाठशाला (अन्न क्षेत्र) र गौशाला (गोरक्षा केन्द्र) को समेत निर्माण गरिने आयोजकको भनाइ छ। साथै, अनाथ, असहाय, वृद्ध र बालबालिकाहरूलाई निःशुल्क आवास तथा संरक्षण दिने दीर्घकालीन योजना समेत रहेको जनाइएको छ।

ऐतिहासिक महत्वको यस महायज्ञलाई भव्य र सफल बनाउन आयोजक समितिले देशभरका श्रद्धालु, धार्मिक संस्था, सामाजिक अभियन्ता, जनप्रतिनिधि तथा शुभेच्छुकहरूमाझ सहयोग र सहभागिताको आह्वान गरेको छ। आयोजकका अनुसार, यज्ञ स्थलको पूर्वाधार निर्माणका लागि स्वयंसेवक परिचालन, आर्थिक सहयोग तथा श्रमदान पनि भैरहेको छ।

'हामीले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र अध्यात्मिक एकता कायम गर्दै महायज्ञ सफल पार्न जुटेका छौं,' आयोजक समितिका अध्यक्ष कटुवालले भने, 'यो हाम्रो मात्र नभइ सम्पूर्ण नेपालीको गौरव र पुण्यको अवसर हो।' पितृ उद्धार अश्वमेध महायज्ञ कोटीहोमलाई धार्मिक शास्त्रमा 'युगान्तकारी आध्यात्मिक जागरण' को रूपमा समेत लिइएको छ।

# शंकास्पद समूह प्रहरीको नियान्त्रणमा

दिलीप अग्रवाल

रंगेली । इलाका प्रहरी कार्यालय रंगेलीका प्रहरी निरीक्षक नरेन्द्र बगोटीको कमाण्डमा खटिएको प्रहरी टोलीले शंकास्पद गतिविधिमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिएको थियो।

मोरङ जिल्ला, रंगेली नगरपालिका-९ स्थित इटाभट्टा टोलमा रहेको खानेपानी आयोजना अन्तर्गतको ट्रान्सफर्मर नजिक शंकास्पद रूपमा दुई वटा मोटरसाइकलमा आएका ४ जना व्यक्तिहरूले प्रहरी टोली देख्नासाथ भाग्ने प्रयास गरेका थिए।

सो क्रममा तीन जना नाम नखुलेका व्यक्ति र नम्बर नखुलेको मोटरसाइकल सहित फरार भएको र ग्रामथान गाउँपालिका-४ का ४२ वर्षीय अर्जुन चौधरीलाई प्रहरीले नियन्त्रणमा लिन सफल भएको छ।

उनको साथबाट हेक्सो ब्लेड, सलाई रिन्च, गल्वस, पिलास, ह्यामर लगायतका औजारहरू र प्रदेश १-०२-०५० प ७०९५ नम्बरको मोटर साइकल बरामद गरिएको छ। प्रारम्भिक अनुमान अनुसार यी सामग्री चोरी वा तोडफोड प्रयोजनको लागि प्रयोग गरिन सक्ने आशंका गरिएको छ। उनलाई आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय रंगेलीमा ल्याइएको छ।

साथै अनुसन्धान र गस्तीको क्रममा गुराँस चोकबाट दोहमाना जाने सडक खण्डमा करिब १.५ किमी टाढा सडक छेउमा शंकास्पद रूपमा बसेका दुई जना व्यक्तिलाई मोटर साइकल सहित प्रहरीले नियन्त्रणमा लिएको छ।

नियन्त्रणमा लिएका व्यक्तिहरूको र घटना सम्बन्धी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालयले जनाएको छ।

# लागुऔषध सहित ५ पक्राउ

विराटनगर, श्रावण ४ गते। सुनसरी र झापाबाट लागू औषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

श्रावण ३ गते जिल्ला प्रहरी कार्यालय सुनसरी र लागू औषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले इनरुवा नगरपालिका-६ स्थितमा चेकजाँचको क्रममा ४१ ग्राम ४४ मिलिग्राम ब्राउन सुगर र नियन्त्रित औषधी ३ हजार ६ सय ९४ क्याप्सुल सहित इनरुवा-८ का ३४ बर्षीय मोहमद सफरुल र कोशी गाउँपालिका-५ का ४८ बर्षीय अशोक कुमार यादवलाई नियन्त्रणमा लिएको थियो।

त्यसैगरी अस्थायी प्रहरी चौकी बरगाछीले सोहि स्थानका २१ बर्षीय बिश्व लिम्बुलाई नियन्त्रित औषधी ९ सय ३० चक्की सहित र अस्थायी प्रहरी चौकी अमरहाटले धनकुटा साँगुरीगढी गाउँपालिका-४ का ३२ बर्षीय मनोज राईलाई ४ किलोग्राम गाँजा सहित पक्राउ गरेको थियो।

झापाको बुद्धशान्ति गाउँपालिका-३ का २२ बर्षीय साजन मगरलाई ६ सय ३० मिलिग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय बुधबारेले पक्राउ गरेको छ।

पक्राउ परेका सबै उपर थप अनुसन्धान भई रहेको सम्बन्धित प्रहरी कार्यालयले जनाएको छ।




## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# नेपाल बाँतर सरदार समाज कल्याणकारणी एवंम केन्द्रको सपथ ग्रहण सम्पन्न



**पदमकुमार सरदार**

विराटनगर। नेपाल बाँतर सरदार समाज कल्याणकारणी एवं उत्थान केन्द्र, केन्द्रिय समितिको संयुक्त पाँचौ राष्ट्रिय महाधिवेशनबाट विजय भएका पदाधिकारी हरुको सपथ ग्रहण सम्पन्न भएको छ।

सभापति मखनलाल सरदार, पदाधिकारी सहित ४० जना केन्द्रीय सदस्यहरूले मंगलवार सपथ ग्रहण गरेका छन्।

सप्तरी जिल्लामा आयोजित सपथ ग्रहण कार्यक्रममा नव निर्वाचित कार्य समतिका पदाधिकारहरुलाई बाँतर जातिको पाँचौ राष्ट्रिय महाधिवेशनका निर्वाचन समितिका संयोजक रमेश कुमार सरदारले सपथ ग्रहण गराएका थिए।

सपथ ग्रहण गर्दै सभापति सरदारले बाँतर जातिको उत्थान र मौलिक अधिकारका लागि नीति तथा कार्य योजना बनाएर अगाडी बढाउने प्रतिवद्धता जनाएका थिए।

त्यस्तै सह अध्यक्ष शुभाष सरदार, वरिष्ठ उपाध्यक्ष चन्द्रेश्वर सरदार र महा सचिव पदमकुमार सरदार लगायतले बाँतर जातिको धर्म संकृतिक संरक्षण र विभिन्न सचेतना मुलक, शिक्षा, स्वास्थ्य मुलक कार्य योजना बनाएकार बाँतर जातिको उत्थानमा लाग्ने प्रतिवद्धता जनाएका थिए।

सुनसरी जिल्लाको इटहरी नगरपाकिामा गत असार ७ र ८ गते पाँचौ राष्ट्रिय महाधिवेशनले मखन लाल सरदारको सभापतित्वमा सहअध्यक्ष सुभाष कुमार सरदार, वरिष्ठ उपाध्यक्ष चन्द्रेश्वर सरदार, महासचिव पदम कुमार सरदार, उपाध्यक्ष लक्ष्मी सरदार, उपाध्यक्ष दिलिप सरदार, सचिव सोनेलाल सरदार, सहसचिव रामलाल सरदार, कोषाध्यक्ष कविता माझी बाँतर, केन्द्रिय सदस्यहरुमा बेचनी देवि सरदार, ईनरदेवी सरदार, अमिरका सरदार, रुधनी देवि सरदार, मालो देवि सरदार, पारो देवि सरदार, लक्ष्मिनारायण सरदार, लालबिर सरदार, कैलाश सरदार, भोला सरदार, चतुर सरदार, सुरेश प्रसाद सरदार, रामराज सरदार, दुर्गा सरदार, केशब सरदार, श्रवन कुमार सरदार, श्रवण लाल सरदार, तुलसी सरदार (कटहरी) तुलसी सरदार (ग्रामथान) सम्पत सरदार, बिक्रम सरदार, देवेन्द्र सरदार, राम कुमार सरदार, शिवानन्द सरदार, रेखा देवि सरदार, सजनलाल सरदार, बिरेन सरदार, उपेन्द्र सरदार, रामप्रित सरदार, दिलिप कुमार सरदार, रामलखन सरदारलाई सर्वसहमतले चयन गरेको थियो।

उक्त महाधिवेशन मोहन लाल सरकार र चन्द्रदेव सरदारको अध्यक्षतामा महाधिवेशन सम्पन्न भएको थियो। महाधिवेशनले ४० जनालाई सर्वसहमतले चयन गरिएको थियो। त्यसै गरी ११ जना सदस्य मनोनित गरी केन्द्रीय समितिमा ५१ जनाको हुनेछ।

# बुवाको हत्या गर्ने छोरा प्रहरीको फन्दामा

सुनसरी। छुरा प्रहार गरी आफ्नै बुवाको हत्या गरेको आरोपमा सुनसरीको देवानगंज गाउँपालिका-३ बाट ४० बर्षीय मोहम्मद रियाज अंसारीलाई प्रहरीले पक्राउ गरेको छ।

श्रावण ७ गते बिहान जग्गाको विषयलाई लिएर आपसी वाद विवादको क्रममा आफ्नै बुबा ६० बर्षीय सबिब अंसारीलाई छोरा मोहम्मद रियाज अंसारीले शरिरको बिभिन्न भागमा छुरा प्रहार गर्दा घाईते भएकोमा तत्काल उपचारको लागी गोल्डेन अस्पताल विराटनगर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो।

घटनामा संलग्न अंसारी लाई जिल्ला प्हरी कार्यालय सुनसरीले पक्राउ गरी घटना सम्बन्धमा थप अनुसन्धान तथा आवश्यक कानूनी कारवाही गरिरहेको छ।

# सहयोग गरेवापत सिंहलाई पार्टीको सम्मान

सर्लाही। सर्लाहीका जिल्ला सभापती सुरेन्द्र प्रसाद सिंहले नेपाली कांग्रेसको केन्द्रीय पुस्तकालय निर्माणमा सहयोग गरेवापत नेपाली कांग्रेस सर्लाही जिल्लाका सभापति सुरेन्द्र प्रसाद सिंहलाई पार्टीले सम्मान गरेको छ।

सोमबार पार्टीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा नेपाली कांग्रेस पार्टीका सभापती शेरबहादुर देउवाले सम्मान गरेको हो।

सर्लाही जिल्लाबाट पार्टीको सक्रिय नेतृत्व गरिरहेका सिंहलाई स्थानीय स्तरमा चर्चित र जनताका भरोषा योग्य नेता र सर्लाही स्थानीय तहमा १२ ओटा पालिका जिताउन सफल भएकोमा देउवाले सिंहलाई धन्यवाद दिएका थिए।सिंहले नेपाली कांग्रेस पार्टीको संगठन बनाउन दिन रात जनताको माझमा काम गर्दै आएको छ।

नेपाली काँग्रेस पार्टीले 'केन्द्रीय कार्यालयमा पुस्तकालय स्थापना गरेर हाम्रा नेताहरूको पठन संस्कृतिलाई जोड दिएको नेपाली कांग्रेस मधेश प्रदेशका प्रचार प्रसार विभाग सचिव निकेश त्रिपाठीले बताए।

# विश्व कीर्तिमानी बाडिया काठमाण्डौमा सम्मानित



विराटनगर। थाइल्याण्डको पटायामा सम्पन्न भएको १२ औं विश्व स्ट्रेन्थ लिफ्टिङ एण्ड इन्क्लाइन बेन्च प्रेस च्याम्पियनसिपमा बाँकेका करण वाडियाले २२० किलो उचालेर विश्व कीर्तिमान स्थापित गरेको भन्दै काठमाडौंमा सम्मान गरिएको छ।

काठमाडौं स्थित ठमेलमा रहेको नेपालको पहिलो जिम क्लब नेपाल व्यायाम मन्दिरमा प्रमाण पत्र दिएर खादा माला लगाई सम्मान गरिएको हो।

अहिले सम्पूर्ण खेलाडी स्वदेश फरकिएका छन र अहिले चासोको विषय के छ भने नेपाल सरकारले यी प्रशिक्षक र खेलाडीहरु सम्मान कहिले गर्ने हो ?

नेपाल स्टेन्थलिफिटङ महासंघ स्थापित (ई.सं. २०२१) काठमाडौं स्थापना भएको थियो। महासंघले निरन्तर खेलाडी हरुलाई प्रोत्साहित गर्दै आएको छ। महासंघको थप उन्नतिका का लागि नेपाल सरकारको ध्यानाकर्षण हुन जरुरी रहेको छ।

थाईल्याण्डको पटायामा सम्पन्न १२ औं विश्व स्ट्रेन्थलिफ्टिङ्ग तथा आई. बी. पी. च्याम्पियनसिप प्रतियोगिता २०२५ जुलाई १६ देखि १९ सम्म संचालन भएको थियो। नेपालको प्रतिनिधित्व विभिन्न खेलाडीले पदक जितेका हुन। नेपालगन्ज उपमहा नगरपालिका वडा नम्बर १२ का करण वाडियाले बिश्व रेकर्ड बनाएका थिए। वाडियाले सिनियर ६० के. जी. तौल समूहको आई.बी.पी.मा दोस्रो स्थान, स्ट्रेन्थलिफ्टिङ्ग (हेक लिफ्ट) मा प्रथम स्थान र २२० के. जी. भार उठालेर विश्व रेकर्ड हासिल गर्न सफल भएकोले महासंघले बधाईका साथ स-सम्मान यो सम्मान पत्र प्रदान गरेको छ।

वाडिया संगै रहेका सम्पूर्ण खेलाडीलाई सम्मान - पत्र प्रदान गरिएको छ। उक्त प्रतियोगितामा सहभागी नेपालगन्ज ७ डिएसपी रोडका मोहित गुप्ताले स्ट्रेन्थ लिफिटङ एण्ड इन्क्लाईन बेन्च प्रेसमा स्वर्ण पदक र स्ट्रेन्थ लिफ्टिङ्ग (हेक लिफ्ट) मा कास्य जित्न सफल भएका थिए।

यस्तै नेपालगन्ज २ घरबारी टोलका सन्तोष काजी शाक्यले ७६ किलो तौलमा पुरुषतर्फ रजत पदक जितेको थियो।

सो प्रतियोगितामा नेपाल बाट नौ जना खेलाडी सहभागी भएका थिए। प्रतियोगितामा नेपाली टिमले सात स्वर्ण, पाँच रजत र दुई कास्य पदक गरेर १४ वटा मेडल प्राप्त गरेको महासंघले जनाएको छ।

# लागुऔषध सहित १० पक्राउ

विराटनगर। मोरङ, सुनसरी, झापा र उदयपुरबाट लागू औषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ।

सुनसरीको ईनरुवा नगर पालिका-४ बसपार्क स्थितमा जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को .१ ह ८९८८ नम्बरको अटोमा सवार धरान-६ का एक बालको साथबाट ३ ग्राम ८६ मिलिग्राम ब्राउन सुगर फेला पारे सँगै २४ बर्षीय युवराज लिम्बु र अटो चालक धरान- ८ का २८ बर्षीय निलन लिम्बुलाई नियन्त्रणमा लिएको थियो। इलाका प्रहरी कार्यालय धरानले धरान-१४ का ५२ बर्षीय कुमार बस्नेतलाई स्पास्मो प्रोक्सिवन ५ सय ७६ ट्यावलेट सहित उनकै कोठाबाट नियन्त्रणमा लिएको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय उर्लावारी मोरडले रतुवामाई नगरपालिका-६ का २९ बर्षीय मनोज कार्कीलाई ३ सय ८० मिलिग्राम ब्राउन सुगर सहित र वडा प्रहरी कार्यालय विराटनगरले ३७ मिलिग्राम ब्राउन सुगर सहित विराटनगर महानगरपालिका-९ का ३३ बर्षीय बिकास कुमार साहलाई नियन्त्रणमा लिएको थियो।

श्रावण ९ गते शुक्रवार झापाको कचनकवल गाउँपालिका-४ स्थितमा लागू औषध बेचबिखान भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापा र लागू औषध नियन्त्रण ब्युरो काकँडभिट्टाबाट खटिएको प्रहरी टोलीले पैदल यात्री भारत विहार किशनगंज का २५ बर्षीय सोहेल, निजकै श्रीमती २९ बर्षीया तबसुम आरा र २४ बर्षीय कचालु अन्सारीलाई फेला पारी चेकजाँच गर्दा तबसुम आराको साथबाट ब्राउन सुगर ५८ ग्राम ४ सय मिलिग्राम फेला पारी नियन्त्रणमा लिएको थियो।

उदयपुरको त्रियुगा नगर पालिक-९ बाट जिल्ला प्रहरी कार्यालय उदयपुरले त्रियुगा-१० का २३ बर्षीय सुजन राउतलाई प्रतिबन्धित लागू औषध ४ एम्पुल सहित र इलाका प्रहरी कार्यालय देवानगंज सुनसरीले देवानगंज-३ बाट ६० किलो ६ सय ग्राम गाँजा बरामद गरेको थियो। लागू औषध र पक्राउ परेका १० जनाको अनुसन्धान भइरहेको छ।

NO SMOKING

## भूमिसम्बन्धी...

ऐन, २०७६ को १२ (ङ१) ले घरजग्गा व्यवसायमा संलग्न कम्पनीहरूलाई जग्गाको हदबन्दीको कानूनी दायराबाट बाहिर निकालियो । घरजग्गा कारोबार गर्ने कम्पनीहरूले कति जग्गा किन्न मिल्छ भन्ने कानूनी सीमा नै हटाइदियो । त्यही आठौं संशोधनको १२ क. (१) को अर्को व्यवस्थाले कुनै पनि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाहरू जसले पहिले नै सरकारको स्वीकृति विना नै हदबन्दीभन्दा बढी जमिन खरिद गरिसकेका थिए, तिनीहरूलाई तीन महिनाभित्र निवेदन दिएर ती जमिनलाई वैधानिक बनाउन सक्ने सुविधा दियो ।

अनि दोस्रो चरणमा गरिएको लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०८१, ले पनि अघिल्लो भूमि सम्बन्धी आठौं संशोधनको निरन्तरता स्वरूप पहिले नै सरकारको स्वीकृति विना नै हदबन्दी भन्दा बढी जमिन खरिद गरेका र वैध बनाउन अघिल्लो संशोधन जारी भएपछि समयसीमा चुकाएका, नभ्याएका कम्पनीहरूलाई फेरि ६ महिनाको अतिरिक्त अवधि बढाएर निवेदन दिन सक्ने र हदबन्दी भन्दा बढी जमिन वैध बनाउने अवसर पुन: प्रदान गरेको देखिन्छ ।

यी तीनवटै संशोधनहरू एउटै उद्देश्य केन्द्रित छन् । पहिलोले हदबन्दी नै हटायो, दोस्रोले हदबन्दी उल्लंघन गरी खरिद गरिएका जमिनलाई वैध बनायो, र तेस्रोले त्यसै प्रक्रियाबाट छुटेकाहरूलाई समेट्ने ढोका फेरि खोलिदियो ।

अर्थात्, जुन कार्य पहिले कानून विपरीत थियो, त्यसलाई नै पछि कानून बनाएर वैधता दिने कार्य गरियो । गैरकानूनी कामलाई पछि कानून बनाएर वैध रूप दिनु स्पष्ट नीतिगत भ्रष्टाचार हो ।

अब, भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा २(१) हेरौं । यस विधेयकको दफा २(१) ले भूमि सम्बन्धी ऐनको हालको दफा १२ छ लाई पूर्णरूपमा हटाई नयाँ व्यवस्था प्रस्ताव गरिएको छ ।

हालको १२ छ को व्यवस्था :

१२ छ. स्वीकृत गराउनुपर्ने: हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त गर्नुअघि कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना वा सङ्घसंस्थाले जग्गा उपयोग सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन ( डी.पी.आर.) र वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्नेछ ।

प्रस्तावित व्यवस्था :

१२छ. घरजग्गा व्यवसायको जग्गा बिक्री सम्बन्धी व्यवस्था: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ को खण्ड (ङ१) बमोजिम घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानूनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्नेछ ।

हालको दफा १२छ अनुसार, हदबन्दी भन्दा बढी जग्गा राख्नुअघि डीपीआर र ईआईए तयार गरी स्वीकृति लिनुपर्ने थियो, जुन नियमन र पारदर्शिताको आधार पनि थियो । तर नयाँ प्रस्तावमा यस्तो पूर्वशर्त हटाई, अनुमतिप्राप्त कम्पनीलाई सूचित आदेशभित्रको जग्गा सिधै विकास गरी बिक्री गर्न छुट दिइएको छ । अर्थात्, अनुमतिप्राप्त घरजग्गा कम्पनीहरूले अब न त विस्तृत योजना दिनुपर्छ, न वातावरणीय असरबारे जवाफदेही हुनुपर्नेछ । हदबन्दीभन्दा बढी जमिन अधिग्रहण गर्न कानूनी रूपमा पाउने छुट पाएको कम्पनीहरूले अब सिधा बजारमा प्रवेश गरेर, कुनै पूर्वस्वीकृति वा मूल्याङ्कन विना नाफामुखी विकास गर्न पाउनेछन् ।

यस प्रकारको व्यवस्था अघिल्ला चरणहरूमा गरिएका भूमि हदबन्दी छुटको स्वाभाविक निरन्तरता हो । पहिलो चरणले हदबन्दी हटायो, दोस्रो चरणले गैरकानूनी रूपमा अधिग्रहण गरिएका जमिनलाई वैधता दियो, र अब तेस्रो चरणमा ल्याउन खोजिएको यो विधेयकले सबै नियमनात्मक ढोका नै बन्द गर्दै कुनै पनि रोकावट विना नै भूमि बेच्न पाउने गरी कानून फराकिलो बनाउने प्रस्ताव गरेको छ ।

यो विधेयक एक निश्चित उद्देश्यलाई संस्थागत गर्न तीन चरणमा योजनाबद्ध रूपमा ल्याइएको संशोधनहरूको अन्तिम कडी हो । यो प्रक्रिया एकैपटक सम्पन्न गर्न सकिने थियो, तर आम नागरिकले यसको समग्र आशय सजिलै नबुझून् र आलोचित बन्नु नपरोस् भन्ने सोचेर योजनाबद्ध रूपमा तीन चरणमा विभाजित गरिएको जस्तो देखिन्छ ।

यो विधेयक केवल सामान्य परिमार्जनका लागि प्रस्ताव गरिएको होइन, यो अघिल्ला चरणहरूमा सुरु गरिएको योजनाको निर्णायक भाग हो। एकैपटक देखिएको भए जनताले बुझ्ने थिए, त्यसैले टुक्र्याएर चरणबद्ध ढंगमा सहजै सबैले नबुझुन् भन्ने नियतसाथ ल्याइएको देखिन्छ । पहिले संरचना बनाइयो, पछि छुट दिइयो, र अब त्यसलाई कानूनी रूपमै स्थायी र निर्विवाद बनाउने प्रयास हुँदैछ ।

त्यस्तै, भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६ मा समावेश गरिएको दफा १२ ग. को प्रावधानबारे पनि यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ । यो प्रावधान पनि कम्पनी वा उद्योगहरूले हदबन्दी छुटमा लिएका भूमि बेच्ने एउटै उद्देश्य पूरा गर्ने रणनीतिक योजनाको हिस्सा हो, जसलाई दुई चरणमा बाँडिएको देखिन्छ, र १२ ग.(१) र (२) मा भएको संशोधन पहिलो चरणमा गरिएको संशोधन हो । दफा १२ ग. मा गरिएको व्यवस्था निम्न प्रकारको छ-

१२ ग. बिक्री वितरण गर्न वा सट्टापट्टा गर्न नहुने: यस ऐन बमोजिम जारी भएको सूचित आदेश बमोजिम खरिद गरेका जग्गा सम्बन्धित उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै पनि संस्थाले कसैलाई पनि बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा सट्टापट्टा गर्न पाउने छैन ।

तर,

(१) त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था कुनै कारणले विघटन हुने भएमा वा लिक्विडेशनमा जाने भएमा त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको दायित्व फरफारक गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही नेपाल सरकारको स्वीकृतिमा बिक्री-वितरण गर्न बाधा परेको मानिने छैन ।

(२) नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएको हदबन्दीभित्रको जग्गामा स्थापित कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था अन्यत्र स्थानान्तरण गर्नुपर्ने वा सट्टापट्टा गर्नुपर्ने उचित र पर्याप्त कारण देखाई दिएको निवेदन मनासिब देखिएमा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले भोगचलन गरिरहेको जग्गा यस ऐनको अधीनमा रही नेपाल सरकारले तोकेको शर्त बमोजिम अर्को ठाउँमा सट्टापट्टा वा स्थानान्तरणको लागि स्वीकृति दिन सक्नेछ ।

यहाँ, पहिलो चरणमा दफा १२ग. अनुसार सरकारको सूचित आदेश अनुसार हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति पाएका कम्पनी, उद्योग वा संस्थाहरूलाई त्यो जग्गा अरूलाई बिक्री, सट्टापट्टा वा हक स्थानान्तरण गर्न निषेध गरेको छ भनेर लेखियो । तर फेरि त्यही दफामा 'तर...' भनेर दुई प्रतिबन्धात्मक विषय राखिएको छ ।

यदि कुनै कम्पनी वा संस्था लिक्विडेशनमा जानुपर्ने अवस्था आयो भने बिक्री गर्न सकिने र कुनै विशेष कारण देखाएर स्थानान्तरण आवश्यक ठहरियो भने, सरकारको स्वीकृतिमा ती जमिन सट्टापट्टा गर्न सकिने व्यवस्था गरिएको छ ।

यो प्रावधान झट्ट पढ्दा सरल र व्यावहारिक देखिए पनि यसको भित्री संरचनामा गहिरो निहित स्वार्थ समेटिएको देखिन्छ । कतिपय उद्योग, कम्पनीहरूले प्रारम्भमै सरकारसँग विशेष अनुमति लिएर हदबन्दी भन्दा बढी जमिन अधिग्रहण गरेका छन् र भोलिको दिनमा पनि गर्न सक्छन्, जुन सामान्य अवस्थामा न त बिक्री गर्न मिल्छ, न हक हस्तान्तरण गर्न नै ।

तर, भूमि सम्बन्धी ऐनको आठौं संशोधनको दफा १२ग.(१) को कानूनी व्यवस्थाले त्यस्ता उद्योग तथा कम्पनीहरूलाई हदबन्दी भन्दा बढी जमिन किनेर 'लिक्विडेशन' को बहानामा पछि अधिक मूल्यमा बिक्री गर्न कानूनी ढोका खोलिदिएको छ । कतिपयको लागि यो धन्दा नियमित रूपमा ठूलो रकम कमाउने माध्यम हुनेछ । सुरुमा 'उद्योग' को नाममा हदबन्दी छुटमा जमिन किन्ने, पछि 'नोक्सानी' देखाएर लिक्विडेशनको बहाना बनाउने, र अन्ततः कानूनी जामा लगाएर मूल्यवान् जमिन खुला बजारमा बेच्ने ।

त्यस्तै, १२ ख.(१) को सट्टापट्टा सम्बन्धी व्यवस्था पनि अत्यन्त जटिल र विवादास्पद छ । जब कम्पनी वा उद्योगहरूलाई भूमिको हदबन्दीबाट छुट दिइन्छ र त्यसैसँग सट्टापट्टा गर्न पाउने सुविधा पनि प्रदान गरिन्छ, तब यसले आर्थिक र सामाजिक दुवै तहमा गम्भीर असन्तुलन सिर्जना गर्छ । उदाहरणका लागि, कुनै कम्पनी वा उद्योगले चिया बगान खोल्ने उद्देश्य देखाएर सरकारबाट ५०० बिघा कृषि जमिन हदबन्दी छुटमा प्राप्त गर्छ ।

केही वर्षपछि जब त्यस जमिनको मूल्य उच्च हुन्छ, अनि उक्त उद्योग वा कम्पनीले विभिन्न बहाना देखाएर दुर्गम क्षेत्रको सस्तो जमिनसँग साट्न स्थानान्तरणको लागि सरकारसँग अनुमति माग्छ । सट्टापट्टीपछि मूल्यवान् जमिन खुला बजारमा बिक्री हुन्छ, र कानूनी प्रक्रिया प्रयोग गरेर अपार नाफा कमाइन्छ ।

वास्तविक रूपमा उद्योग सञ्चालन होला या नहोला, तर सञ्चालकले कानूनको इधर-उधर प्रयोग गरी अकुत लाभ उठाउन पाउँछन् । आउने दिनहरूमा उत्पादन सोचे जस्तो नभएको अवस्थामा कानूनको गलत प्रयोग गरी ठूलो रकम कमाउन चाहने, हदबन्दी भन्दा बढी जमिन भएका व्यवसायीहरूले यही तरिका नअपनाउलान् भन्न सकिन्न । केहीले त यो प्रक्रिया गरिरहेकै पनि छन् ।

विवादमा रहेको गिरीबन्धु टी इस्टेटको जग्गा प्रकरण यही सट्टापट्टाको कानूनी व्यवस्थाबाट सुरु भएको हो । यो नीतिगत भ्रष्टाचारको स्पष्ट उदाहरण हो । जुन ठाउँमा जुन प्रयोजनका लागि जग्गा लिएको हो त्यो काम सोही ठाउँमा नगरी अन्यत्रै गर्छु भनेर पुरानो जग्गा बेच्नु राज्यमाथिको गद्दारी हो। ठगी हो ।

पहिलो चरणमा गरिएको भूमि सम्बन्धी आठौं संशोधनले लिक्विडेशनको अवस्थामा पुगेका कम्पनीहरूलाई सरकारको स्वीकृतिमा हदबन्दी छुटमा लिएको जमिन बिक्री गर्न छुट दिएको थियो ।

तर दोस्रो चरणमा ल्याइएको लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले उक्त दायरा झनै विस्तार गर्‍यो । यो प्रावधान माथि उल्लेख गरेको जस्तो कम्पनी वा उद्योगहरूले हदबन्दी छुटमा लिएका भूमि बेच्ने एउटै उद्देश्य पूरा गर्ने रणनीतिक योजनाको हिस्सा हो, जसलाई दुई चरणमा बाँडिएको देखिन्छ र १२ ग. ३ दोस्रो चरणको संशोधन हो ।

१२ (ग) ३. को व्यवस्था :

नेपाल सरकारद्वारा जारी सूचित आदेश बमोजिम स्वीकृति लिई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुनसक्ने भएमा बैंक तथा वित्तीय संस्थाको ऋण फरफारक र दायित्व भुक्तानी गर्नको लागि खरिद गरेको दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकको लागि बिक्री-वितरण गर्न बाधा पर्ने छैन ।

यी तीनवटै संशोधनहरू एउटै उद्देश्य केन्द्रित छन् । पहिलोले हदबन्दी नै हटायो, दोस्रोले हदबन्दी उल्लंघन गरी खरिद गरिएका जमिनलाई वैध बनायो, र तेस्रोले त्यसै प्रक्रियाबाट छुटेकाहरूलाई समेट्ने ढोका फेरि खोलिदियो ।

लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को नयाँ दफा १२ग (३) अनुसार, अब सक्रिय रूपमा सञ्चालनमा रहेका कम्पनीहरूको पनि, यदि ऋण भुक्तानी गर्नुपर्ने अवस्था देखियो भने, मन्त्रालयको स्वीकृतिमा एकपटकका लागि जमिन बिक्री गर्न सकिने व्यवस्था गरिएको छ ।

अब कम्पनी विघटन नभए पनि, ऋण तिर्ने बहानामा मूल्यवान् जमिन बेच्न पाइनेछ । हदबन्दी छुट, मूल्य वृद्धिको पर्खाइ, दायित्व तिर्नुपर्ने बहाना र नाफामूलक बिक्रीको चक्रलाई कानूनले नै वैधता दिएको छ । यसले योजनाबद्ध भूमि कब्जाको प्रयासलाई संरक्षण गर्ने नीति लिएको छ ।

अब, अहिले प्रस्ताव गरिएको भूमि सम्बन्धी विधेयकको दफा १२छ(४) एक योजनाबद्ध रणनीतिको तेस्रो चरणको रूपमा आएको छ, जसको उद्देश्य हदबन्दी छुटमा लिइएका जमिनहरूलाई बिक्री गर्न सक्ने नीतिगत ढोका पूर्णरूपमा खोल्नु हो भन्ने देखिन्छ ।

१२छ(४) को व्यवस्था: 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको जग्गा दफा १२क. को उपदफा (२) बमोजिम स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ ( अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न कुनै बाधा पर्ने छैन । तर घर जग्गा व्यवसाय बाहेक अन्य प्रयोजनको लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा यस उपदफा बमोजिम बिक्री गर्न पाइने छैन ।'

यस दफाको अर्थ, यदि कुनै कम्पनीले दफा १२क(२) ,माथि उल्लेख गरिएको बमोजिम स्वीकृति प्राप्त गरी हदबन्दी भन्दा बढी जग्गा वैध बनाइसकेको छ भने, अब उसले त्यो जमिन विकास गरी घडेरी वा अपार्टमेन्ट निर्माण गरेर खुला रूपमा बिक्री गर्न सक्नेछ भन्ने हुन्छ । यस दफामा फेरि प्रतिबन्धात्मक वाक्य थपेर सरकारले सतहमा यस्तो देखाउने प्रयास गरेको छ कि यो प्रावधान केवल घरजग्गा व्यवसाय गर्ने कम्पनीहरूका लागि हो । तर वास्तविकता अर्कै छ ।

पहिलो चरणको संशोधनले हदबन्दीको व्यवस्था हटायो । दोस्रो चरणले विघटन वा ऋण चुक्ता गर्ने बहानामा सबै कम्पनीलाई जग्गा बिक्रीको कानूनी बाटो खोलिदियो । अब तेस्रो चरणको यो संशोधन प्रस्तावले घरजग्गा व्यवसायको नाममा ती सबै प्रक्रियालाई वैधता दिने अन्तिम प्रयास गरिरहेको छ । एकपटकका लागि भनेर गरिएको विशेष प्रावधान अब सबैका लागि स्थायी छुट झैं प्रयोग हुनसक्ने स्थिति छ । जुन कार्य पहिले कानूनी दृष्टिले अपराध मानिन्थ्यो, अहिले त्यही कार्यले नीतिको आवरणमा वैधता पाउँदैछ । यही हो नीतिगत भ्रष्टाचारको स्पष्ट नमूना ।

त्यस्तै, हरेक संशोधनमा दोहोरिएको 'सूचित आदेशले तोकेको हदभित्र' भन्ने वाक्यले कानूनलाई स्पष्ट सीमाभन्दा पनि मन्त्रिपरिषद् वा मन्त्रालयको विवेकमा निर्भर हुने बनाएको छ । यसले प्रभावशाली समूहको दबाबमा सरकारलाई भूमिको हद तोक्ने अधिकार दिन्छ । तर सरकारसँग यस्तो अधिकार भयो भने राजनीतिक लाभको लागि सरकारले सदैव व्यापारीको पक्षपोषण गर्ने स्थिति बन्न सक्छ । हदबन्दीको मूल उद्देश्य सामाजिक सन्तुलन कायम गर्नु हो, तर यस्ता अस्पष्ट र खुला प्रावधानले भूमि सम्बन्धी कानूनलाई शक्तिशालीका लागि लाभदायक सौदाबाजीमा रूपान्तरण गरेको छ ।

यो विधेयक विगतका दुई संशोधनको निरन्तरता हो, जसले स्वीकृति विना हदबन्दीभन्दा बढी अधिग्रहण गरिएका जमिनलाई वैधानिकता दिने बाटो खोलेका थिए । अहिलेको प्रस्तावले ती जमिनहरू कानूनी रूपमा बिक्री गर्न सकिने गरी प्रस्ताव गरिरहेको छ । शक्तिशाली गठबन्धन सरकारले यो विधेयक समितिमा पठाउने प्रक्रिया छल्दै, जनताले बुझ्न नपाउँदै पारित गर्न चाहिरहेको छ । जनता चनाखो हुनुपर्ने आजको आवश्यकता हो । यो विधेयक भूमि सम्बन्धी न्याय होइन, नीति मार्फत हुने अनियमितताको कानूनी आवरण हो । अनलाइन खबरबाट

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५0% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।